# नेपाल अमेरिका पत्रकार संघ (नेजा) को पुरस्कार एवम् सम्मान कार्यविधि- २०२२

प्रस्तावनाः

नेपाल एवम् उत्तर अमेरिकी क्षेत्रमा नेपाली पत्रकारिताको प्रवर्धन, सम्मान एवम् खोज पत्रकारिताको विकासका लागि नेपाल अमेरिका पत्रकार संघ (नेजा) प्रतिबद्ध छ । पत्रकारिताको निरन्तरता एवम् खोजमूलक समाचारप्रतिको चाख बढाउन नेजाले आफ्नै स्रोतबाट एवम् विभिन्न संघ-संस्थासँगको समन्वयमा पुरस्कार एवम् सम्मान कार्यक्रम सञ्चालन गर्दै आएको छ । अहिले सञ्चालनमा रहेका एवम् भविष्यमा समेत स्थापना हुन सक्ने विभिन्न सम्मान एवम् पुरस्कार कार्यक्रमहरुलाई थप व्यवस्थित बनाउन नेजाको विधान २०१७ को दफा ३.१.१३ बमोजिम यो कार्यविधि जारी गरिएको छ ।

## १. नेजाको पुरस्कार तथा सम्मान नीति

१.१ नेजाले नेपाल एवम् उत्तर अमेरिकी क्षेत्रलाई समेटेर पुरस्कार, सम्मान एवम् छात्रवृत्ति कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

१.२ स्वच्छ पत्रकारिताको प्रवर्धनका लागि पारदर्शिता नेजाको पुरस्कार एवम् सम्मान वितरणको पहिलो सर्तको रुपमा रहनेछ ।

१.३ नेजाले आफैँ या कार्यसमितिले उपयुक्त ठहर्याएको सामाजिक संस्था एवम् गैरनाफामूलक फाउन्डेसनहरुसँगको सहकार्यमा पुरस्कार, छात्रवृत्ति या सम्मान कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

१.४ पुरस्कारको ढाँचा एवम् मोडालिटी कार्यसमितिले तय गर्नेछ । अन्य संस्थासँगको सहकार्यमा सञ्चालित पुरस्कार भएको खण्डमा सम्बन्धित संस्थासँगको छलफलपछि कार्यसमितिले मोडालिटी तयार गर्नेछ ।

१.५ अन्य संस्थासँगको सहकार्यमा सञ्चालित पुरस्कार सुरु गर्दा वर्तमान नेजा कार्यसमितिले आफूपछिको कार्यसमितिले पनि कम्तिमा एउटा पुरस्कार प्रदान गर्न सक्ने गरी स्रोत सुनिश्चित गरेको हुनुपर्नेछ ।

१.६ अन्य संस्थासँगको सहकार्यमा सञ्चालित पुरस्कार वितरण गर्दा मोडालिटी तयार भइसकेपछि पुरस्कृत व्यक्तिको छनोटमा नेजाको सर्वाधिकार रहनेछ ।

१.७ अन्य संस्थासँगको सहकार्यमा सञ्चालित पुरस्कारको नामकरण नेजाले गर्नेछ । सहकार्य गर्ने संस्थाको नाम प्रमाणपत्रमा प्रायोजकको रुपमा रहनेछ ।

२ अमेरिकामा प्रदान गरिने पुरस्कार

२.१ अमेरिकामा हाल सञ्चालनमा रहेका या भविष्यमा सञ्चालनमा आउने दुवै पुरस्कारलाई व्यवस्थित गर्न नेजा कार्यसमितिले औचित्यका आधारमा ढाँचा एवम् मोडालिटी तयार गर्नेछ ।

२.२ अमेरिकामा प्रदान गरिने पुरस्कार वितरणका लागि पुरस्कृत व्यक्ति चयन गर्न नेजा कार्यसमितिले स्वतन्त्र पुरस्कार छनोट समिति गठन गर्नेछ ।

२.३ पुरस्कारको राशि स्रोतको उपलब्धताको आधारमा नेजा कार्यसमितिले तय गर्नेछ ।

२.४ अन्य संस्थासँगको सहकार्यमा सञ्चालित पुरस्कारको प्रशासनिक खर्च सम्बन्धित संस्थाले नै व्यहोर्नेछ ।

३ पुरस्कार छनोट समिति

३.१ अमेरिका क्षेत्रमा प्रदान गरिने पुरस्कार प्राप्त गर्ने व्यक्ति चयन गर्न नेजा कार्यसमितिले तीन सदस्यीय पुरस्कार छनोट समिति गठन गर्नेछ ।

३.२ पुरस्कार छनोट समितिको संयोजकले पत्रकारितामा स्नातकोत्तर या कम्तिमा १५ वर्ष पत्रकारिता गरेको हुनुपर्नेछ । पुरस्कार छनोट समितिको सदस्य बन्न पत्रकारितामा स्नातक उत्तीर्ण या कम्तिमा १० वर्ष पत्रकारिता गरेको हुनुपर्नेछ ।

३.३ पुरस्कार छनोट समितिले सम्बन्धित पुरस्कारको विधि र मान्यताको सीमाभित्र रहेर गरेको निर्णय अन्तिम हुनेछ ।

३.४ पुरस्कृत पत्रकार चयन गरिसकेपछि चयनका आधारहरु छनोट समितिले कार्यसमितिसमक्ष पेस गर्नेछ र त्यसलाई कार्यसमितिले सुरक्षित राख्नेछ ।

३.५ पुरस्कार छनोट समितिलाई नेजा कार्यसमितिको तर्फबाट कुनै पनि हस्तक्षेप हुने छैन ।

३.६ सार्वजनिक रुपमा आह्वान गरी प्रतिस्पर्धाका माध्यमबाट दिइने पुरस्कारको हकमा छनोट समितिले समाचार छापिएको अवधि निश्चित गरी आवेदन आह्वान गर्नेछ ।

४. नेपालमा प्रदान गरिने पुरस्कार

४.१ नेपाल पत्रकार महासंघसँग नेजाले गरेको समझदारीलाई आधार मानी नेपालमा प्रदान गरिने पुरस्कारको ढाँचा र मोडालिटी तयार गरिनेछ ।

४.२ नेपालमा पुरस्कार प्रदान गर्न स्रोतको दिगो व्यवस्थापनका लागि कार्यसमितिले निर्णय गरेबमोजिम निश्चित राशिको अक्षयकोष स्थापना गर्नेछ । यस्तो कोष स्थापनाका लागि कार्यसमितिले औचित्यका आधारमा नेजाको बैंक खातामा रहेको रकम चलाउन सक्नेछ । साथै, सदस्यहरुलाई कोषमा योगदानका लागि आह्वान गर्न पनि कार्यसमिति स्वतन्त्र रहनेछ ।

४.३ यसरी स्थापना गरिएको अक्षयकोषको रकम अधिकतम ब्याज प्राप्त हुने गरी नेपालका 'क' वर्गका बाणिज्य बैंकमा राखिनेछ ।

४.४ ब्याजबाट प्राप्त हुने रकम नेजाले हाल नेपालमा प्रदान गर्दै आएको नेजा ग्रामीण पत्रकारिता पुरस्कार प्रदान गर्न प्रयोग गरिनेछ । साथै, ग्रामीण पत्रकारिता पुरस्कारको राशि नघट्ने गरी अन्य पुरस्कार स्थापना गर्न पनि कार्यसमिति स्वतन्त्र रहनेछ । यसरी नयाँ पुरस्कार स्थापना गर्दा कोषको सावाँ पूँजी चलाइने छैन । पुरस्कार वितरणको क्रममा लाग्ने व्यवस्थापकीय खर्च पनि कोषको ब्याजबाटै बहन गर्ने गरी मिलाउनु पर्नेछ ।

४.५ पुरस्कारको स्वरुप मोडालिटी नेपाल पत्रकार महासंघसँगको सहकार्यमा नेजा कार्यसमितिले तय गरेबमोजिम हुनेछ ।

४.६ नेपालमा हाल सञ्चालमा रहेको एवम् नयाँ पुरस्कार वितरण गर्दा नेपाल पत्रकार महासंघ र नेजाको तर्फबाट २/२ जना एवम् दुवै संस्थाको सहमतिमा एक पत्रकारिता क्षेत्रका विज्ञसमेत जम्मा पाँच सदस्यीय पुरस्कार छनोट समिति गठन गरिनेछ । पुरस्कृत पत्रकारको चयनमा समितिको निर्णय नै अन्तिम हुनेछ ।

*द्रष्टव्य: नेजा पुरस्कारसम्बन्धी कार्यविधि-२०१५ को मर्मलाई समेत ख्याल गरी यो कार्यविधि तयार गरिएको छ । यससँगै नेजा पुरस्कारसम्बन्धी कार्यविधि-२०१५ खारेज भएको छ ।*